लोक सेवा आयोग

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौं, वरिष्ठ सहायक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/११/२२

पत्र : प्रथम

समय : ३ घण्टा पूर्णाङ्क : १००

विषय : बैंकिङ लेखा तथा कम्प्युटर/आईटी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। सबै प्रश्न समान अङ्कका छन्। |
|---|

खण्ड : क बैंकिङ, बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, नियम तथा नियमनहरू

१. बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा ऋणीको कुन कुन पक्षमा ध्यान पुऱ्याउनुपर्दछ। कर्जा लगानीका सैद्धान्तिक पक्षहरूको बारेमा चर्चा गर्नुहोस्। १० + १० = २०

२. विद्युतीय कारोवार सम्बन्धी ऐन, २०६३ कुन प्रयोगनका लागि बनाइएको हो ? यस ऐनको परिच्छेद-९ मा भएको व्यवस्थाको बारेमा प्रकाश पार्नुहोस्। ५ + १५ = २०

खण्ड "ख": लेखा प्रणाली, बैंकको आन्तरिक लेखा प्रणाली

३. पारदर्शी आर्थिक क्रियाकलाप स्थापित गर्न लेखापरीक्षणले कसरी सहयोग पुऱ्याउँदछ ? नेपालको विद्यमान लेखापरीक्षण व्यवसायलाई स्वच्छ र मर्यादित बनाउन के कस्तो नियमनकारी व्यवस्था हुनुपर्दछ ? उल्लेख गर्नुहोस्। १० + १० = २०

४. जोखिम भारित सम्पत्ति भनेको के हो ? बैंकिङ व्यवसायमा निहित जोखिमहरूको बारेमा चर्चा गर्नुहास्। ५ + १५ = २०

खण्ड "ग": कम्प्युटर/आइटी सम्बन्धी ज्ञान

५. Differentiate between Internet and Intranet. Explain about system software and Application software. 10 + 10 = 20

❑❑❑

## लोक सेवा आयोग

## राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौं, वरिष्ठ सहायक पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/११/२३

पत्र : द्वितिय

समय : ३ घण्टा | पूर्णाङ्क : १००

### विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। सबै प्रश्न समान अङ्कका छन्।

### खण्ड "क": व्यवस्थापन, कार्यालय व्यवस्थापन

१. व्यवस्थापनका सिद्धान्तहरू के के हुन् ? कर्मचारीमा भएको क्षमताको पूर्ण उपयोग गर्दै सङ्गठनका उद्देश्यहरू हासिल गर्न उत्प्रेरणाको कस्तो भूमिका हुन्छ ? राष्ट्रिय वाणिज्य बैंकमा कर्मचारीहरूलाई उत्प्रेरित गर्न मौद्रिक तथा गैर मौद्रिक उत्प्रेरणा सम्बन्धी भएको व्यवस्था स्पष्ट पार्नुहोस्। ६ + ६ + ८ = २०

२. एक सेवाग्राहीले राष्ट्रिय वाणिज्य बैंक जुम्ला शाखाबाट २०६९ सालमा घरेलु व्यवसाय संचालन गर्न भनी व्यवसाय संचालन हुने उसको घरजग्गा धितोमा राखी रु १८ लाख कर्जा लिएको थियो । शुरुका ३ वर्षसम्म नियमित रूपमा व्याज र किस्ता वापतको सबै भुक्तानी गर्दै आएकोमा २०७२ सालमा उसको घर र व्यवसाय आगलागी भएर नष्ट भएको कारण देखाई निजले कुनै रकम नबुझाएको र हालसम्म पनि सो कर्जा असुली प्रक्रिया अगाडि नबढाएको हुँदा सो रकम असुली गर्ने सम्बन्धी टिप्पणीको मस्यौदा तयार पार्नुहोस्। २०

### खण्ड "ख": मानव संशाधन व्यवस्थापन र सेवा सम्बन्धी

३. मानव संशासध व्यवस्थापनका प्रमुख उद्देश्यहरू प्रष्ट पार्दै कर्मचारी व्यवस्थापनमा सम्पूर्ण गुणस्तर व्यवस्थापन (Total Quality Management – TQM) को उपयोगिता औंल्याउनुहोस्। १० + १० = २०

४. बैंकिङ्ग तथा वित्तीय क्षेत्रको नियमन र सुपरीवेक्षणमा बासेल – २ (Basel – II) को महत्त्व उल्लेख गर्दै यसका स्तम्भहरू (Pillars) बारे व्याख्या गर्नुहोस्। वित्तीय क्षेत्रको स्थायित्व (Stability) कायम गर्न बासेल – २ मा रहेका कमी कमजोरीहरू विश्लेषण गर्नुहोस्। ५ + १० + ५ = २०

### खण्ड "ग": गणित

५. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय सुन्दर बजारको चालु आ.व. को लक्ष्य निर्धारण देहाय अनुसार रहेको छ :

क) निक्षेप संकलन रु २० करोड | ख) कर्जा लगानी रु १६ करोड

ग) कर्जा असुली रु ४ करोड | घ) सेवा शुल्क आम्दानी रु १५ लाख

ङ) अन्य आम्दानी रु ५ लाख

चालु आ.व. को अर्धवार्षिक प्रगति समीक्षाका क्रममा आगामी आ.व. को लक्ष्यमा पुनरावलोकन गर्नुपर्ने ठानी निक्षेप संकलनमा २५ प्रतिशत, कर्जा तथा लगानी असुलीमा १८ प्रतिशत र सेवा शुल्क तथा अन्य आम्दानीमा ८० प्रतिशतले वृद्धि गर्न प्रस्ताव भएको हुँदा सो अनुसारको शीर्षकगत र कुल वार्षिक लक्ष्य निर्धारण गर्नुहोस्। साथै चालु आ.व. को तुलनामा आगामी आ.व. को कुल वार्षिक लक्ष्यमा भएको वृद्धि प्रतिशत समेत निकाल्नुहोस्। ३ + ३ + ३ + ३ + ३ + ३ + २ = २०

□□□